# स्याङ्जा, बागलुङ र म्याग्दीका ती सेल्टरहरू



चक्र पराजुली
केन्द्रीय अनुशासन आयोग सदस्य

सेल्टर अङ्ग्रेजी शब्द हो, यद्यपि यो शब्द कम्युनिस्ट आन्दोलनभित्र बहुप्रचारित भई नेपाली भाषामा 'तत्सम् शब्द'कै रूपमा स्थान ग्रहण गरिसकेको छ। सेल्टर वा आश्रयको अर्थ हो– सुरक्षापूर्वक गाँस–बासको प्रबन्ध हुनु। नेपाल कम्युनिस्ट पार्टीले स्थापनाकाल (२००६) देखि २०४६ चैतसम्म केही समयबाहेक भूमिगत रूपमै काम गर्नुपरेको थियो। पार्टीका नेता–कार्यकर्ता वा समर्थक भनेर चिनिनु र पार्टीका नाममा गतिविधि गर्नु सहज थिएन। त्यसो गर्नु भनेको राज्यद्रोहको अपराध व्यहोर्नु थियो। तसर्थ लुकिछिपी काम गर्नुपर्ने बाध्यता थियो। उपनाम राख्नु, साङ्केतिक शब्द प्रयोग गर्नु, बस्ने खाने घरमा आउजाउ गर्दा आँखा छलेर हिंड्नु, घरभित्र बसेका बेला अरूलाई थाहा नदिनु आदि काम सेल्टरसँग जोडिएका अनिवार्य सर्तजस्तै थिए। दमनकारी राज्य व्यवस्थाका पुलिस–प्रशासन, सीआईडी र सुराकी तथा स्थानीय फटाहाहरूको नजरबाट नेता–कार्यकर्तालाई लुकाइ–छिपाइ राखेर बस्ने–खाने व्यवस्था मिलाउने, पार्टीका बैठक, भेला, सम्मेलन वा अधिवेशन सम्पन्न गर्ने व्यवस्था गर्ने निश्चित ठाउँ र घरहरू नै आश्रयस्थल अर्थात् सेल्टर हुन्। प्रतिक्रियावादी राज्य सत्ताले हमला गरेका बेला जनतामाझ सुरक्षित रहने बाटो खोजेर तदनुकूल तयारी गर्न नसक्दा नेता–कार्यकर्ताले निर्वासित या गिरफ्तार हुनुपर्ने अवस्था आउँछ। सत्ताको जङ्गली आक्रमणमा परेर जनतासमेत देशबाहिर शरणार्थी बन्नुपरेको दृष्टान्त देख्न सकिन्छ।

राणाकालमा पार्टी र सङ्घ–संस्थाहरू खोल्न मात्र प्रतिबन्ध थिएन, सचेत जनतामाथि समेत अनेकौँ दमन गरिन्थ्यो। २००७ सालमा राणाशाहीको अन्त्य भएपछि अन्तरिमकालमा समेत नेपाल कम्युनिस्ट पार्टीमाथि पाँच वर्षसम्म प्रतिबन्ध लगाइएको थियो। २०१७ पुस १ गते राजतन्त्रमार्फत राजनीतिक पार्टीहरू, सङ्घ–संस्था सबैमाथि

प्रतिबन्ध लगाएर निर्दलीय तथा निरङ्कुश शासन लाद्यो। त्यसपछि पार्टीहरू, खासगरी कम्युनिस्ट पार्टीले गुप्त तरिकाले विचार प्रसारणको उपाय खोज्न सुरु गऱ्यो। निरङ्कुश राजतन्त्रका विरुद्ध कुनै गतिविधि हुँदा दमन अझ ठूलो हुने र रहन–बस्न, हिँड्न–डुल्न कठिनाइ हुन थालेपछि कठोर मिहिनेतका साथ सेल्टर निर्माण गर्न थालिएको हो। विभिन्न स्थानमा भएका विद्रोह र आन्दोलनपछि सेल्टर निर्माणको कार्य घनीभूत भएको देखिन्छ। झापा सङ्घर्ष र तत्पश्चात् भएको बर्बर दमनको सामना गर्दै स्थापित नेकपा (माले)ले जनताकै बीच रहेर भूमिगत पार्टी कार्य सञ्चालन गर्ने क्रममा अपूर्व साहस, सीप र क्षमता कायम गरेको यथार्थ इतिहासमा अकाट्य रूपमा स्थापित छ।

सेल्टरको अहम् महत्त्व छ। यसको अभावमा भूमिगत पार्टीले आफ्ना गतिविधि सञ्चालन गर्न र जनतासँग जोडिनै सक्दैन। जनतासँग नजोडिएको पार्टी लामो समय टिक्न र फैलिन सक्दैन। आधारभूत रूपमा सचेत जनता नै सेल्टरका आधारस्तम्भ हुन्। निरङ्कुश सत्ताको विरोधमा उभिएर सेल्टर दिने जनता कम्युनिस्ट पार्टीका वफादार सिपाहीसरह हुन्, निर्भीक योद्धा हुन्। वर्गीय शोषण र अत्याचारी शासनबाट मुक्त हुने अभिलाषा बोकेका जनताले अगाध स्नेह, ममता र आस्थाका साथ भूमिगत कार्यकर्तालाई जसरी पालन–पोषण र स्याहार–सम्भार र संरक्षण गरे, त्यस योगदानको मूल्याङ्कन गर्न उपयुक्त शब्द भेटिँदैन। भूमिगत नेता–कार्यकर्ता रातीको मध्यप्रहरमा आइपुग्दा पनि भोक–तिर्खा, सन्चो–सुबिस्ता सोधेर खाना खुवाउने र आफ्नो ओछ्यान पनि न्यानो आश्रय दिने, बैठक– भेला सञ्चालन हुँदा टिन वा जर्किन भरेर दिसा–पिसाब बिसर्जनसमेत गर्न नहिचकिचाउने र आमाले बच्चाको स्याहार गरेझैँ पार्टीलाई स्याहार गर्ने सेल्टरदाताहरू नभएको भए हामी कसरी यहाँसम्म आइपुग्दा हौँ?

म २०२६ भदौदेखि कम्युनिस्ट पार्टीको समर्थक भइ केही गतिविधिमा संलग्न भए पनि २०३६ वैशाखदेखि तत्कालीन नेकपा (माले)मा सङ्गठित हुँदै २०३८ माघ २३ गतेबाट भूमिगत भएको हुँ।

### सेल्टरको पहिलो अनुभव

२०३७ पुसको पहिलो हप्ता स्याङ्जा यङ कम्युनिस्ट लिग (वाईसीएल) गठन गर्ने कार्यक्रम विरुवा गाउँपालिकाको ओरस्टे फौदीमा राखिएको थियो। हामीहरू विभिन्न स्थानबाट सम्पर्क स्थल गयौँ र रात परेपछि कार्यक्रमस्थल पुग्यौँ। सेल्टरमा मकै भुटेर खायौँ र बैठकस्थल धनसारमा गयौँ। राती १ बजे बैठक स्थगन भयो। सुत्ने बेला भयो, तर ओढ्ने ओछ्याउने कपडा नै छैनन्। अब के गर्ने ! कोही परालको टौवामा जानुभयो भने कसैले भएको च्यादर प्रयोग गरेर बाँकी रात गुजारियो। भोलिपल्ट बैठक सकेर आ–

आफ्ना गन्तव्यमा फर्क्यौं। कार्यक्रमको समीक्षा भयो। साथीहरूले अलि राम्रो प्रबन्ध मिलाउन सकिन्थ्यो भन्ने कुरा राख्नुभयो। पार्टी सचिवले क्रान्तिकारीहरूले यस्ता सामान्य कुरा व्यहोर्नु पर्छ भन्ने विचार राख्नुभयो। अन्त्यमा, सेल्टरमा कपडा नभए पनि अन्य समर्थकहरूबाट कपडा जुटाएको भए राम्रो हुन्थ्यो भन्ने निष्कर्ष निकालियो।

यसैबाट शिक्षा लिएर अघि बढ्दै जाने क्रममा ओरस्टेमा पछि व्यवस्थित सेल्टरहरू बने। २०३९ र ४० सालमा त्यहाँ तीनदिने प्रशिक्षण कक्षासमेत सञ्चालन गरिएको थियो।

**गोलाङ्दी गाउँ : सेल्टरको अर्को नाउँ**

जनताको समूह नै अभेद्य किल्ला हो भन्ने कुरा आफैँसमेत संलग्न भइ निर्माण गरेको स्याङ्जा जिल्लाको गोलाङ्दीको सेल्टरले सिद्ध गरेको छ। इलाका प्रहरी कार्यालयको सात किलोमिटर नजिकै अवस्थित गोलाङ्दी गाउँलाई घेराबन्दी गर्न कठिन थिएन। तर समर्थक जनताको इच्छाशक्ति तथा पार्टीका नेता–कार्यकर्ताको तयारी र सतर्कताका कारण पार्टी केन्द्रीय कमिटीको बैठकजस्तो ठूलो कार्यक्रम हुँदा समेत प्रशासनले सुइँकोसम्म पाउन सकेन।

निम्नमध्यम वर्गीय किसान परिवारका १५ घर रहेको यस गाउँमा वर्गवैरी थिएनन्। अनेकिसङ्घका नेता शिशराम पाठकले अधिकांश किसानलाई सङ्घको सदस्यता प्रदान गर्नुभएको थियो। नेकपा (माले)ले हाम्रै हितमा क्रियाशील र सङ्घर्षरत छ भन्ने कुरा गाउँका किसानलाई राम्ररी थाहा थियो। त्रिलोचन ढकाल स्याङ्जा जिल्ला कमिटीको सचिव हुनुहुन्थ्यो र म उप–सचिव थिएँ। केन्द्रीय कमिटीले बैठक आयोजनाको जिम्मा कमरेड त्रिलोचनलाई दिएकाले सुरक्षा व्यवस्था, बैठक स्थलको छनोट, गाँस–बासको योजना, सम्पर्क र आवागमनको प्रबन्ध लगायत सबैको सूक्ष्म योजना र परिचालन उहाँकै अगुवाइमा भएको थियो।

१५ घर खराल परिवार तयार भएपछि गाँस–बासका लागि समस्या भएन। कपासको प्रबन्ध गर्नु पर्‍यो। चरा मुसालाई पनि थाहा नहोस् भनेर थुमपोखरा–७ गायडाँडाका सूर्य खनाललाई कम्बलहरूको प्रबन्ध गर्न लगाइ धर्मदत्त देवकोटा र मैले करिब चार किमि बाटो खोलाको भेल छिचोल्दै आवश्यक लत्ता–कपडा गन्तव्यमा पुर्‍यायौँ। अन्य आवश्यक भाँडाकुडासमेत जोडियो।

आश्रयस्थलको केन्द्रबिन्दुमा अमरनाथ शर्माको नेतृत्वमा सात सदस्यीय प्रतिरोधी दल तैनाथ भयो। तीनतरेली वृत्तमा सञ्चार र सुरक्षा घेरा बनाइयो। सुरक्षा घेरा पहिलो

गोलाङ्दी गाउँ, दोस्रो बायाँटारीको क्षेत्र र तेस्रो वालिङदेखि गल्याङसम्म फैलिएको थियो।

बैठकस्थल निर्माण, आवास र खानपानको प्रबन्धका लागि मनिराम खराल, नर्वदा खराल, यमकान्त खराल, नामदेव खराल, तुलसीराम खराल, शिवप्रसाद खराल, छविलाल खराल, भीमनाथ खराल लगायत १५ घर नै परिचालित थिए।

सबै उमेरका महिला र पुरुषहरू स्वयंसेवकका रूपमा क्रियाशील थिए। कुनै घरमा पाहुना आएमा बैठकको गोप्यता जोगाउनुपर्ने उपायको गृहकार्यसमेत भएको थियो। साउनको झरी, खेतीबाली लगाउने मध्य बेला। यद्यपि गोलाङ्दी महाअभियानमा गोलबद्ध भयो। नेकपा (माले) केन्द्रीय कमिटीको बैठक १० दिनसम्म निर्वाध चलिरह्यो।

यसैबीच अनपेक्षित परिस्थिति आइलाग्यो। खराल परिवारका ज्वाइँ पाहुना लाग्न गोलाङ्दी सोझिए भन्ने सूचना बिजुलीको चालमा आइपुग्यो। ससुरा किसान हुत्तिँदै जानुभयो र ज्वाइँलाई बीच बाटोमै भेटी अशुभ घटना घटेकाले म मधेसतर्फ हिँड्दैछु भन्ने खबर सुनाएर ज्वाइँलाई फर्काउनु भयो। आहा, खराल परिवारको त्यो लोभलाग्दो एकता ! क्रान्तिप्रतिको त्यो भरोसा र जे आए पनि सामना गर्ने त्यस्तो आँट र साहस ! सलाम छ सिङ्गो खराल परिवारलाई ! ए गोलाङ्दी ! तिम्रो सतर्कता, गोपनीयता र एकतामा चर परेको भए, मदन भण्डारीसहित सिङ्गो केन्द्रीय कमिटी गिरफ्तार हुन सक्थ्यो, क्रान्तिले धक्का खान सक्थ्यो ! सबै गाउँलेले अमानुसिक यातना व्यहोर्दै जेलको जिन्दगी बिताउन बाध्य हुन्थे।

## टक्सारमा पश्चिमोत्तर क्षेत्रीय सम्मेलन

पश्चिमोत्तर क्षेत्रीय कमिटीको कार्यक्षेत्र तत्कालीन गण्डकी र धवलागिरि अञ्चलका १० जिल्ला थिए। क्षेत्रीय कमिटीको प्रथम सम्मेलन २०३९ साउन १४ र १५ गते तत्कालीन टक्सार गाउँ पञ्चायतका इमानविक्रम केसी र भीमबहादुर केसीको धन्सारमा आयोजना गरिएको थियो। नयाँ दलिन घुसाएपछि मात्र धन्सारमा तोकिएको सङ्ख्या बस्न लायक हुने र छानोमा प्वाल परेकाले चोरखर लगाएपछि (खरले फेरि छाएपछि) मात्र सम्मेलन गर्न सकिने भएकाले कमरेड वामदेव गौतमको निर्देशनमा महावर्षाका बीचमा रुख ढालेर नयाँ दलिन हालिएको थियो र हरियो खर काटेर छानो छाइएको थियो। तत्पश्चात् तोकिएको समयमा प्रतिनिधि, आयोजक र अतिथिहरू उपस्थित भई सम्मेलन सम्पन्न भयो।

रोपाइँ गर्ने बेला, चारै दिशाबाट गडगडाएर भल बगेको र ठाउँ–ठाउँमा पहिरो खसेको स्थिति– यस्तो बेलामा रुख ढाल्ने, खर काट्ने काम कुन बाउले अह्राउँछ र कुन छोराले मान्छ ? यद्यपि, पार्टी निर्देशनलाई केसी परिवारले शिरोधार्य गरी कार्यान्वयन गऱ्यो। अझ रोचक त के भने दुई दिनसम्म यति महत्त्वपूर्ण सम्मेलन सञ्चालन हुँदा आधा किलोमिटर दूरीमा रहेका छुल्याहाहरूले थाहा पाएनन्। राती दुई बजे सम्मेलन सम्पन्न भई खुसीयालीमा बन्दुक पड्काएको आवाज पनि कसैको कानसम्म पुगेन। जनता तयार भएपछि जुनसुकै काम जस्तोसुकै विषम परिस्थितिमा पनि सम्पन्न हुने रहेछ !

## चौबाटोमा पनि सेल्टर

अर्को घटना पनि स्मरणयोग्य छ। स्याङ्जा जिल्लाको गैरीखेत प्रहरी प्रशासनको दुई किलोमिटरको दूरीमा अवस्थित छ। त्यहाँ कमरेड भीम शर्माको पसलसहितको साधारण घर रहेको थियो। त्यस घरमा सानो सङ्ख्या रहेका कमिटीका बैठकसमेत गरिन्थ्यो। भीमले घरको पछाडि भित्रैबाट तला चढ्न मिल्ने गरी पाली हालेर गुप्तरूपले प्रवेशद्वार निर्माण गर्नुभयो र पसलमा मानिस आएकै बेला पनि सुटुक्क तलामाथि चढ्नका लागि मिल्ने बनाउनु भयो। दिउँसै पनि यसो दायाँबायाँ नजर लगाएर हामीहरू सुटुक्कै भित्र पस्थ्यौँ। कमरेड जीवराज आश्रितले पनि यो सेल्टर प्रयोग गर्नुभएको थियो। उहाँले 'जनता तयार भई उपाय सोचे भने के हुँदैन र ? बाटोको घर छ, र पनि त्यहाँ सेल्टर बनेको छ' भनेर टिप्पणी गर्नुभएको थियो।

## प्रशासनको अखडामा अब्बल सेल्टर

म स्याङ्जाबाट सरुवा भइ बागलुङको जिम्मेवारी लिएर २०४१ असार ३० गते बागलुङ बजार पुग्दा पहिलो सम्पर्क व्यक्ति गोविन्द अधिकारी हुनुहुन्थ्यो। आज पनि सम्झन्छु– बागलुङ बजारमा रहेको सुपरिचित अङ्ग्रेजी शिक्षक गोविन्द अधिकारीको घर बागलुङ जिल्ला प्रशासन मात्र होइन, धवलागिरि अञ्चल प्रशासनको नजरैभित्र तथा पञ्चायती मन्त्रीको आडैमा रहेको थियो। त्यो घर पार्टीको आफ्नै घरसरह थियो। त्यहाँ जस्तै पार्टीका नेता तथा कार्यकर्ताहरू नियमित रूपमा बसिन्थ्यो। बैठक सञ्चालन गर्ने र पार्टी दस्तावेज राख्ने काम २०४६ सालसम्मै चलेका थिए। कमरेडहरूबीच एउटा चर्चा व्यापक रूपमा हुने गर्दथ्यो– अञ्चल सदरमुकामसमेत रहेको बागलुङ बजारमा हिँड्दा सेना, प्रहरी, कर्मचारी, सीआईडी आदिसँग हात नठोकाईकन हिँड्नै सकिँदैन। प्रतिक्रियावादी सत्ताका तमाम औजारका बीचमा रहेर जसले पार्टीका नेता–कार्यकर्ताहरूलाई बचाइरहेको थियो, त्यस सेल्टरमा गरिबी पनि ठिङ्ग उभिएको थियो।

पक्की भवन थिएन। शौचालय नाम मात्रको थियो। तापनि पार्टीप्रति कुनै दिन गुनासो थिएन। सदासर्वदा आस्था, विश्वास र मायामात्र थियो।

## असीम माया दिने सेल्टर

२०४१ माघ महिनामा बागलुङ र पर्वत जिल्ला एउटै जिल्ला कमिटीभित्र रहन पुगे। तत्पश्चात् बागलुङ जिल्ला र पर्वतको उत्तरी भागका चार गाउँ पञ्चायतसमेत हेर्नुपर्ने भएको हुँदा पर्वत लेकफाँटको धौला पहराको सेल्टरमा कमरेड ध्रुव (यामबहादुर विक) सहित पुग्यौँ। घरका बाबा पृथमान गुरुङ ब्रिटिस सेनाबाट पेन्सनमा आएको र पार्टीप्रति आबद्ध व्यक्ति हुनुहुन्थ्यो। आमा पनि जनसङ्गठनमा आबद्ध हुनुहुन्थ्यो। दुई छोरीहरू टीकामाया गुरुङ र हरिमाया गुरुङ दुवै जना अनेरास्ववियुका कार्यकर्ता रहेको त्यो सेल्टर साँच्चिकै आत्मीय थियो। पहिलो बासमा नै त्यस घरको आत्मीयता, निष्कपटपन र सौहार्द्रताले ज्यादै लोभ्यायो। २०४६ सालको परिवर्तनसम्म नै यस सेल्टरले आफूलाई कहिल्यै बदलेन। बरु अरू बेसी सहिष्णु र व्यवहारकुशल भयो।

एकदिन उक्त सेल्टरमा दिउँसै अरूको आँखा छलेर घरभित्र पुगेको थिएँ। अन्यत्रबाट बिहान सबेरै निस्केकाले खाना खाने चाँजो मिलेको थिएन, निकै भोक लागिरहेको थियो। तर घरमा कोही हुनुहुन्थेन। भोकको आगो मेट्न बोडीको कोसा भेट्टाएर फोकेर खाँदै थिएँ, आमा आइपुग्नु भयो। हालखबर बुझेर हतारिँदै मकै भुटेर ल्याउनुभयो। आमाले बाहिरबाट घर आउँदा पहिले दुधेबालकलाई दुध ख्वाएझैँ व्यवहार गर्नुभयो। आमाको उक्त व्यवहारप्रति जीवनभर नतमस्तक रहनेछु। यस्तै व्यवहारले मात्र पार्टीका कार्यकर्ता र जनताबीचको सम्बन्ध नङ–मासुको जस्तो रहन पुगेको हो।

## सीआईडीको पिछा गर्दै सेल्टर निर्माण

पर्वत जिल्लाबाट सरुवा भई म्याग्दी जिल्लाको जिम्मेवारी बोक्न कमरेड किरण गुरुङका साथमा घोरेपानी नाका हुँदै घार गाउँ भक्तबहादुर खड्काको घर पुग्यौँ। घर बाटैमा थियो, तर भूमिगत कार्यकर्ताले आश्रय लिनेबाहेक यस घरमा जिल्ला सङ्गठन कमिटीको बैठकसमेत आयोजना गरिन्थ्यो। २०४२ फागुन १ गते त्यसै घरमा सञ्चालित बैठकले मलाई सचिवको जिम्मेवारी दिएको थियो।

अखिल नेपाल किसान सङ्घ म्याग्दी जिल्ला भेला २०४२ चैत १२ गते जङ्गलछेउ रहेको एउटा गोठमा गरियो। सबै तयारी फौदबहादुर बरुवालको सेल्टरमा गरिएको थियो। कार्यक्रम र सेल्टर निर्माणमा रोचक प्रसङ्ग गाँसिएका छन्। गोठमा

आवश्यक सामग्री पुऱ्याउने काम फौदबहादुर बरुवाल, रुद्रबहादुर, इमानविक्रम केसी र मसमेत छ–सात जनाको टोलीले गरिसकेका थियौँ। केही कमी–कमजोरी रहेका छन् कि भनेर हेर्न म र इमान फेरि त्यही ठाउँमा गयौँ। भेलास्थल सम्याउने, खाना पकाउने र ख्वाउने ठाउँ छुट्याउने र सुरक्षा घण्टी कहाँ राख्ने भन्ने जस्ता विषयको मसिनो गरी टुङ्गो लगायौँ। सबै काम सकेर घाम ताप्ने लोभमा वनछेउ पुगेर बस्न मात्रै के भ्याएका थियौँ, एक जना अधवैंशे अपरिचित व्यक्ति आइपुगे। 'तपाईंहरू को ?' भनेर प्रश्न गरे। इमानले 'हामी वनका कर्मचारी हौँ, उहाँ रेन्जर साब हो' भन्ने जवाफ दिनुभयो। 'तपाइंको हातमा त बन्चरो छ नि, वन मास्नु भएको छ कि क्या हो ?' भनी अलि रवाफिलो स्वरमा सोध्दा उनी डराए। 'मैले कुहिएको ठूटो मात्र काटेको छु, हरिया रुख छुन्न हजुर। बरु आज माथितिर रुख काट्न आउन सक्छन्, त्यहाँ भेट्न सक्नु हुन्छ,' उनको यस कुराले हामीलाई सजिलो भयो। उठेर उनैले भनेतर्फ लाग्यौँ र गायब भयौँ। ती व्यक्ति ओझेल परेपछि सेल्टर बनाइएको गोठमा सतर्कतापूर्वक फर्क्यौं। स्थानीय कार्यकर्तासँग सोधपुछ गर्दा उनी वडाध्यक्ष भएको थाहा लाग्यो। सेल्टरको गोपनीयता सुरक्षित हुन्छ कि हुँदैन भन्ने कुरा निश्चित गर्न उनका गतिविधिको निगरानीका लागि टेकबहादुर खड्कालाई खटाइयो। वडाध्यक्ष तातोपानीस्थित इलाका वन कार्यालयमा जिल्लाबाट वनको निरीक्षण गर्न आउने नआउने बुझ्न गएका रहेछन्। इलाका कार्यालयबाट आउन सक्छन् भन्ने जवाफ पाएपछि साँच्चै रेन्जरसँग भेट भएछ भन्ने विश्वास गरेछन्। उक्त सेल्टरमा निर्वाध रूपमा जिल्ला भेला सम्पन्न भयो।

## सानो त्रुटिले सेल्टर परिवर्तन

अमृत बोहरा अध्यक्ष रहेको अखिल नेपाल किसान सङ्घ केन्द्रीय तयारी समितिको बैठक हालको वालिङ–१२ लाम्पाते ईश्वरबहादुर न्यौपानेको नयाँ बनाइएको घरमा आयोजना भएको थियो।

पुरानो घरमा खाना बनाउने काम गर्दै त्यहीँबाट चौकीदारी गर्ने काम भइरहेको थियो। यो काम जेठो दाजुले गर्नुभएको थियो। पुरानो घरबाट नयाँघरसम्म रस्सी पुऱ्याएर बैठकस्थलमा घण्टी झुण्ड्याइएको थियो। नयाँ मान्छे कोही आए रस्सी तानेर घण्टी बजाउने, त्यतिबेला बैठक स्थगन गर्ने, आएको व्यक्ति गइसकेपछि दुईपटक रस्सी खिचेर घण्टी बजाउने र बैठक जारी राख्ने व्यवस्था गरिएको थियो। एक पटक गार्ड बस्नुभएका कमरेड पानीपधेँरा जानुभएकै बेला चञ्चल न्यौपाने त्यही बाटो हिंड्दा नयाँ घरमा आवाज सुनेकाले भित्र प्रवेश गरिहालेछन्। उनलाई पिकनिक हिँडेको टोली हो

भनेर जवाफ दिइयो। तैपनि ढुक्क हुन नसकेकाले राती नै वालिङ–१४, गायडाँडा सूर्य खनालकोमा सर्नुपरेको थियो।

**सेल्टरको मर्म नबुझ्दा झण्डै दुर्घटना**

बागलुङको जिम्मेवारीमै रहँदा २०४१ असोजमा रेशा गाउँ पार्टी सक्रिय दलको बैठकमा सहभागी हुन एक दिनअगाडि नै सम्बन्धित ठाउँमा पुगियो। बैठकमा सहभागी हुनुपर्ने सबैलाई समयमै सूचना दिन सकियोस् भनेर अघिल्लै दिन त्यहाँ पुगेको थिएँ। त्यहाँ पुगेकै दिन कमिटीका छ जना कमरेड र एक जना विद्यार्थी गरी सात जनासँग भेट भयो। कमिटीको गणपूरक सङ्ख्या पुगिसकेको हुँदा खुसी भएँ। हरिबहादुर कार्की कमिटीको सचिव हुनुहुन्थ्यो। उहाँले आफ्नो भाउजूको घरमा मलाई खाना खुवाएर धन्सारमा बस्ने बन्दोबस्त मिलाउनु भयो। सात जना कमरेडका बीच छलफल चलाउन प्रयास गर्दा सचिवले चासो देखाउनु भएन। भोलि बैठकमै कुरा गर्ने सहमति गरेर विद्यार्थी निरबहादुर नेपाली र म धन्सारको तलामा सुत्यौँ। अरू सबै भुइँतलामा सुत्ने सल्लाह भयो। दुई जना मसिनो स्वरमा बातचित गरिरहेका थियौँ– बाहिरबाट कसैले ढोका ढक्ढकायो र माथि को छ भनेर चिच्यायो। अवाञ्छित मानिस आएको ठानेर दुई जना चुप बस्यौँ। आवश्यक परे भुइँतलाका साथीहरू नै बोल्लान् भन्ने लाग्यो। एकछिनपछि त्यो मान्छे ‘छ नम्बर वडा मेरो कमाण्डमा छ, ल गाउँले हो यहाँ आउनु पऱ्यो’ भनेर चिच्याउन थाल्यो र छानोमा चढेर लठ्ठी घुमाउँदै सुइँक्क सुइँक्क आवाज निकाल्न थाल्यो। निस्पट्ट अँध्यारो छ। लठ्ठीले लाग्यो भने बित्यासै पर्ने भयो भन्ने लागेर टर्च बालेँ। त्यससँग बातचित गरेपश्चात् बिदा हुनै लाग्दा उसले बोलाएका मानिसहरू आइपुगे। त्यसमध्ये एक जना इण्डियन आर्मीका हबल्दार रहेछन्। उनी उही छानाको सहारामा तलामा चढे। हबल्दार आएपछि पहिले आएको मान्छे उत्तेजित हुन थाल्यो। हबल्दार र मेराबीच सवाल–जवाफ चल्यो। हामी सबै भुइँमा ओर्लियौँ। विद्यार्थी भाइलाई दुई/चार थप्पड हानेर पठाइदिएँ। ममाथि निकै आक्रामक बनेर उत्रिए। जुडो कराँते जानेको छु, तह लाउन सक्छु भन्दै तमासा देखाए। परिस्थितिको गम्भीरतालाई ख्याल राख्दै मैले ‘म हरिजीको पाहुना हुँ, गल्कोट मल्मबाट पोखरा जान हिँडेको हुँ, यहाँ बास बस्नु भनेकाले बसेको छु, मैले के बिराएँ’ भनेँ।

मेरो कुरा पत्याएर त्यहाँ आएका बुढा मान्छेले यो बाबुको गल्ती रहेनछ भन्दै सम्झाउने प्रयास गरे। हबल्दारले ‘जा’ भन्दै हकारे। मौका चुक्न दिनुहुन्न भन्ठानेर मैले ‘पाहुनालाई रातीमा लखेट्ने चलन छ भने जान्छु’ भनेर बाटोतर्फ निस्किएँ। कहिल्यै पाइला नहालेको भीरमा चढेर बसेँ। असोज महिना, रातको १२ बजे। लेकको ठाउँ।

शरीरमा एउटा पाइन्ट र भेस्ट मात्र छ । जाडोले शरीर लुगलुग काम्न थाल्यो । भुइँतलामा सुत्ने भनेका आधा दर्जन साथी खोइ ? ढोकामा ताला ठोकेर निस्कँदा हामीलाई किन सूचना दिइएन ? यस्तै प्रश्न मनमा खेलाउँदै गर्दा डम्फुको आवाज सुनेँ। छ जना साथी कहाँ गएछन् भन्ने प्रश्नको सहज उत्तर निकाल्दै अघि बढ्ने योजना बनाएँ। फेरि फर्केर धन्सारतर्फ गएँ, जहाँ सुनसान थियो । लाहुरे हबल्दार चढेकै छानाबाट तलामा उक्लिएँ। लुकाएका दस्ताबेज बटुलेर झोलामा राखेँ। कपडा लगाई झोला छड्के पारेर भिर्दै पुनः भुइँमा ओर्लिएर सरासर प्रहरी चौकी छलेर दोबिल्लातर्फ ओरालो लागेँ। एक घण्टा हिँडेपछि अब केहीबेर विश्राम लिनु पऱ्यो भनेर स्कुल प्राङ्गणमा गएँ । सबै कोठाहरूमा ताल्चा ठोकिएको रहेछ। सिँढीलाई शयनकक्षा बनाई एकछिन आराम गरेँ। बिहुँबाट ओर्लँदै गरेका खच्चरका घमौराका आवाज र दोबिल्ला प्रहरी चौकीको घण्टीको ट्वाङ ट्वाङले बिउँझायो । जुरक्क उठेर खच्चरकै पछिपछि लागेँ। केहीबेर पछि उनीहरूको साथ छाडेर सिँगानातर्फ उकालो लागेँ, टोपबहादुर खड्काको मायालु घरले पर्खिरहेको थियो ।

सेल्टरबारे ज्ञान नभएका साथीहरूले गर्दा झण्डै हबल्दारको नेतृत्वमा गाउँलेले बाँधेर मलाई रेसा नुनथलाको प्रहरी चौकीमा बुझाएनन् ! वडाध्यक्ष र मिलिटरी हबल्दारले मलाई कम्युनिस्ट हो भनी चिन्न सकेनन् र रातभरको ऐरीबाट बाँच्न सकियो ।

## सेल्टरमा पुस्तकालय र अभिलेखालय

जिल्ला जिल्लामा कामको विस्तारका आधारमा पुस्तकालय तथा अभिलेखालयको काम दिने सेल्टरहरू समेत रहेका थिए। आहाले चित्यान गाउँका मनकुमार गुरुङको घरमा पुस्तकहरू र पार्टी सदस्यताको अभिलेख थन्क्याउने ठूलो सन्दुक रहेको थियो । तोरीपानीका नारायण बानिया र घारका फौदबहादुर बरुवालका घरमा व्यवस्थित ढङ्गले पुस्तकालय रहेका थिए। कुश्माका तोयनाथ चालिसे, बितलवका गणेश पौडेल र चितेपानीका मोती पौडेलका घरलाई पनि पुस्तकहरू र विभिन्न सामग्री राख्ने थलो बनाइएको थियो । बागलुङ बजारका गोविन्द अधिकारी र सिगानाका टोपबहादुर खड्काका घरले दस्तावेज र पुस्तकालयको काम गरेका थिए ।

आफू भूमिगत रहँदाका केही प्रतिनिधिमूलक सेल्टर र सेल्टरदाताको मात्र यहाँ उल्लेख गरेको छु । यो सुरुआत हो । यसरी सङ्कटका बेला हामीलाई आश्रय दिने थुप्रै कमरेडहरूप्रति उच्च सम्मान छ ! ●